# छपाई तथा आपुर्ति कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

(राष्ट्रिय स्तरको वोलपत्र प्रकाशित मिति २०७३।३।१२)

यस बैंकको लागि आवश्यक तपशिलका विभिन्न प्रकारका सामानहरु छपाई गर्नु पर्ने भएकोले सम्बन्धित सबैलाई यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात (२०७३।४।१०) को कार्यालय समयभित्र बोलपत्र कागजात खरिद गरी ३१ औं दिन अर्थात(२०७३।४।११)गते दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । साथै उक्त बोलपत्र मिति ( २०७३।४।११।)गते दिनको २:०० बजे खोलिनेछ । बोलपत्र कागजात यस बैंकको शाखा कार्यालय थापाथलीको आम्दानी अन्य शीर्षकको हिसाब नं ९५९९०२००० मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु.१०००/-(अक्षरेपी एक हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर पेश गरेपछि बोलपत्र कागजात रा.वा.बैंक लि. केन्द्रीय कार्यालय सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ । बोलपत्रका साथ बोल कबोल रकमको कम्तीमा ५ % ले हुने रकम रा.वा.वैंक लि.को शाखा कार्यालय थापाथलीको अर्नेष्ट मनी शीर्षकको हिसाव नं ९१६१२०००० मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त “क” श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तीमा १२० दिनको मान्य अवधि भएको बिड बण्ड (बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्रका साथ फर्म/कम्पनी दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र एवम आ.व.०७१/७२ को कर चुक्ता प्रमाणपत्र कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि समेत अनिवार्य संलग्न गर्नुपर्नेछ ।साथै बोलपत्र प्रक्रियामा भाग लिन अयोग्य नभएको,प्रस्तावित कारबाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धि कसूरमा आफूले सजायँ नपाएको व्यहोराको स्वयम घोषणाको लिखित पत्रका साथै वोलपत्र कागजातमा वोलपत्रदाताहरुलाई दिईएको निर्देशन वमोजिमको अन्य कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । छपाई गर्नु पर्ने सामानहरुको नमुना तथा विस्तृत जानकारीको लागि यस बैकको वेभ साईट www.rbb.com.np मा हेर्न तथा केन्द्रिय कार्यालय सामान्य सेवा विभागमा समयमा संम्पर्क राख्नु हुनेछ ।

तपशिल प्याकेज A'

| क.सं. | सामानहरुको विवरण | आवश्यक परिमाण | क.सं. | सामानहरुको विवरण | आवश्यक परिमाण |
|---|---|---|---|---|---|
| १ | वि.जी.फा.नं.८ | २०० प्याड | ७ | एटीएम निवेदन नेपाली | २००० प्याड |
| २ | वि.जी.फा.नं.१० | १०० प्याड | ८ | ८ x१० को खाम | ५००० थान |
| ३ | जनरल लेजर | ४०० थान | ९ | ओ.वि.सी फाराम | ५०० प्याड |
| ४ | क.सं.कोष भौचर | २५०० प्याड | १० | सिडीटी फां.न ९ | ३०० प्याड |
| ५ | लंग वुक | १२०० थान | ११ | सिडीटी फां.न १५ | २०० प्याड |
| ६ | मोवाईल वैंकिंग फाराम | २००० प्याड | १२ | चार प्रति धरौटी भौचर | १००० प्याड |

तपशिल प्याकेज B'

| क.सं. | सामानहरुको विवरण | आवश्यक परिमाण | क.सं. | सामानहरुको विवरण | आवश्यक परिमाण |
|---|---|---|---|---|---|
| १ | कर्जा तमसुक नं.२ | ५०० प्याड | ३ | कर्जा तमसुक नं.१४ | ६०० प्याड |
| २ | कर्जा तमसुक नं.३ | ६०० प्याड | | | |


राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय बाणिज्य बैंक लि.**

**केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग**

फोन-४२५२५९५,Ext. नं-२४४८,१७१२